नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: ०६८/७९
चलानी नं.: ९३४६

मिति: २०७९/०१/२९

विषय:- विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे ।

श्री सक्षम हाइड्रोपावर प्रा.लि.,
बुढानिलकण्ठ न.पा.-२, काठमाण्डौ ।
फोन नं.: ९८४२९३०४७०

प्रस्तुत विषयमा तहाँबाट हेमा नदीमा प्रस्तावित हेमा नदी ज.वि.आ.को सर्वेक्षण अनुमतिपत्रको लागि मिति २०७९/०१/१५ को दर्ता नं. ६६०१ को दरखास्त सम्बन्धमा मिति २०७९/०१/२६ को विभागीय निर्णयानुसार सो दरखास्त उपर कुनै कारवाही गर्न नमिल्ने निर्णय भइसकेको व्यहोरा अवगतै छ। तहाँबाट पुनः मिति २०७९/०१/२५ को दर्ता नं. ६७९४ को निवेदन मार्फत क्षेत्र संशोधनको लागि अनुरोध भएको तर विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २७ को उपदफा ४ बमोजिम "प्रवर्द्धकले फिर्ता पाउने धरौटी रकम अन्य आयोजनाको अनुमतिपत्र दस्तुरमा मिलान गरिने छैन" भन्ने व्यवस्था रहेको हुँदा तहाँबाट पछिल्लो पटक प्राप्त निवेदनसँग अनुमतिपत्र दस्तुर बापतको रकम दाखिला नभएको हुँदा मिति २०७९/०१/२८ को विभागीय निर्णयानुसार विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ११ को उपदफा ४ बमोजिम मिति २०७९/०१/२५ को दर्ता नं. ६७९४ को निवेदन उपर समेत कुनै कारवाही नहुने जानकारी गराइन्छ ।

(बद्री कुइकेल)
इन्जिनियर